
ISSN: 2990-7993(P)




Dhaulagiri Journal of Contemporary Issues
Vol 2, Issues 1
July, 2024
Page 18-26
DOI: https://doi.org/10.3126/djci.v2i1.67440
**Published by**: Research Management Committee,
Dhawalagiri Multiple Campus, Baglung
**Home Page**: https://dmcjournal.edu.np/index.php/DWJCI
**Nepjol Home Page:** https://www.nepjol.info/index.php/djci

# मातृत्व कथामा प्रयुक्त मनोभाव र भाषा

**प्रेमप्रसाद चौलागाईं**
सहप्राध्यापक, नेपाली विभाग
त्रिचन्द्र बहुमुखी क्याम्पस, काठमाडौं
Email: chaulagainprem999@gmail.com

**लेखसार**

प्रस्तुत लेख मनोभाषाविज्ञानले निर्देश गरेको उत्तेजना प्रतिक्रिया पद्धतिका आधारमा 'मातृत्व' कथामा अभिव्यक्त मनोभाव र भाषाको विश्लेषणमा केन्द्रित छ । मनोभाषाविज्ञानका अनुसार मनोभावको प्रतिक्रियाका रूपमा भाषाको प्रयोग हुन्छ । मनोभावहरू उत्तेजना हुन् भने भाषिक प्रयोग चाहिँ प्रतिक्रिया हुन् । यसर्थ मनोभावअनुसार भाषाको प्रयोग हुन्छ र उक्त भाषिक प्रयोगले मनोभावको उत्पत्तिमा पनि प्रेरक भूमिका निर्वहन गर्दछ । यस लेखमा यही उत्तेजना प्रतिक्रिया पद्धतिका आधारमा मातृत्व कथामा प्रयुक्त भाव र भाषाको विश्लेषण गरी प्राप्त भएको निष्कर्ष प्रस्तुत गरिएको छ । मातृत्व कथामा भाषाप्रयोग गर्ने पात्रहरू ममता, सुबोध, छोराछोरी र एक जना भाइ छन् । यी सबै पात्रहरूको मनस्थिति फरक फरक छ । मनस्थितिअनुसार यी पात्रहरूमा मनमा जिज्ञासा, सन्तुष्टि, शङ्का, अरुचि, नैराश्य, उपेक्षा, पश्चात्ताप, ग्लानि, घृणा, क्रूरता, पीडा, सहयोग र प्रेमभाव उत्पन्न भएका छन् । यी भावको अभिव्यक्तिका लागि कथामा विस्मयादिबोधक शब्द, निपात, विशिष्ट पद/पदावलीका साथै निश्चयार्थक, प्रश्नार्थक, आज्ञार्थक र इच्छार्थक भावका वाक्यहरूको प्रयोग भएको छ । कथामा पूर्ववर्ती भाषिक संरचनाले पारेको मानसिक प्रभावका अभिव्यक्तिका रूपमा उत्तरवर्ती भाषिक संरचनाको प्रयोग भएकाले मानसिक भाव, भावअनुरूपको भाषा र भाषाले पारेको मानसिक प्रभावको शृङ्खलामा कथा विन्यस्त छ भन्ने स्पष्ट हुन्छ । यसैले मनोभाषाविज्ञानको उत्तेजना प्रतिक्रिया पद्धतिले निर्देश गरेअनुसार मातृत्व कथामा भाषाप्रयोक्ताको मनोभावअनुसार भाषिक संरचनाको प्रयोग भएको छ र त्यसले श्रोताको मनलाई पनि प्रभावित बनाएको छ भन्ने निचोड प्रस्तुत अध्ययनबाट प्राप्त भएको छ ।

***शब्दकुञ्जी :*** उत्तेजना, प्रतिक्रिया, मनस्थिति, मनोभाव, मानसिक प्रभाव ।

**Article Information**

**Received**: 28 April, 2024 **Reviewed:** 30 April, 2024 - 12 May, 2024 **Revised**: 12 May, 2024 - 20 May, 2024
**Accepted:** 5 June, 2024 **Published:** 30 June, 2024
*Corresponding Author:* Prem Prasad Chaulagain
To Cite this Article:
चौलागाईं, प्रेमप्रसाद (२०२४), मातृत्व कथामा प्रयुक्त मनोभाव र भाषा, *धौलागिरी जर्नल अफ कन्टेमपोररी इस्युज् २* (१), १८-२६ ।स
https://doi.org/10.3126/djci.v2i1.67440

© by author: This article is licensed under the terms and conditions of Creative Commons Attribution Non-commercial (CC BY NC) License (https://creativecommons.org/licenses/by-nc/4.0/

## परिचय

मातृत्व कथा भागीरथी श्रेष्ठ (२००५) द्वारा रचना गरिएको मातृत्वभावको महत्तालाई प्रस्तुत गर्ने यथार्थवादी कथा हो । यस कथाको प्रथम प्रकाशन *गरिमा* (२०४०, असोज) पत्रिकामा भएको हो । पछि *क्रमशः* (२०१६) कथा सङ्ग्रहमा यस कथाको सङ्कलन गरिएको छ । यस कथामा हवाईजहाज दुर्घटनाबाट पति गुमाएकी र दुई छोराछोरीकी आमा बनिसकेकी ममताका विभिन्न मनोभावलाई प्रस्तुत गरिएको छ । मनोभावलाई सशक्त रूपमा अभिव्यक्त गर्ने माध्यम भाषा हो । मनस्थितिअनुसार मनोभाव उत्पन्न हुन्छ र मनोभावअनुरूप भाषाको प्रयोग हुन्छ । यसैले सामान्य मनस्थितिमा प्रयुक्त भाषा र विशिष्ट मनस्थितिमा प्रयुक्त भाषा संरचनाका दृष्टिले भिन्नभिन्न हुन्छ । यसर्थ मनस्थितिअनुसार भाषिक प्रयोग र भाषिक प्रयोगले मनमा पार्ने प्रभावका कारण भाषा र मनका बिचको नजिकको सम्बन्ध छ । मनोभाषाविज्ञानको उत्तेजना प्रतिक्रिया पद्धतिले मनोभाव र भाषाका बिचको यही सम्बन्धको अध्ययन गर्दछ । यसर्थ मनोभाषाविज्ञानको उत्तेजना प्रतिक्रिया पद्धतिले निर्देश गरेअनुसार कुनै पनि पाठमा प्रयुक्त भाव र भाषाको विश्लेषण गर्न सकिने भएकाले प्रस्तुत अध्ययनमा पनि मातृत्व कथामा प्रयुक्त भाव र भाषाको विश्लेषण गरिएको छ ।

शैक्षणिक प्रयोजनका दृष्टिले मातृत्व कथाको परिचयात्मक अध्ययन भए पनि मनोभाषाविज्ञानको उत्तेजना प्रतिक्रिया पद्धतिका आधारमा भने यसको अध्ययन भएको छैन । यसैले मनोभाषाविज्ञानको उत्तेजना प्रतिक्रिया पद्धतिले निर्देश गरेबमोजिम मातृत्व कथामा केकस्ता मनोभाव र भाषिक सरचनाको प्रयोग भएको छ भन्ने प्राज्ञिक समस्याको समाधानमा यो अध्ययन केन्द्रित छ ।

## अध्ययनविधि

यस अध्ययनमा प्राथमिक सामग्रीका रूपमा मातृत्व कथा रहेको छ भने द्वितीयक सामग्रीअन्तर्गत मनोभाषाविज्ञानको उत्तेजना प्रतिक्रिया पद्धतिसित सम्बद्ध सामग्रीहरू रहेका छन् । मातृत्व कथाबाट सङ्कलन गरिएका वाक्यहरू प्राथमिक सामग्री हुन् भने उत्तेजना प्रतिक्रिया पद्धतिसँग सम्बद्ध सैद्धान्तिक सामग्री द्वितीयक सामग्री हुन् । उपर्युक्त दुवै किसिमका सामग्रीको सङ्कलनका लागि पुस्तकालय विधिको उपयोग गरिएको छ ।

यस अध्ययनमा मनोभाषाविज्ञानको उत्तेजना प्रतिक्रिया पद्धतिका आधारमा मातृत्व कथामा प्रयुक्त मनोभाव र भाषाको विश्लेषण गरिएको छ । यसैले यस अध्ययनमा मुख्य रूपमा निगमनात्मक विधिको उपयोग गरिएको छ र आवश्यक स्थलमा यसको सहयोगी विधिका रूपमा व्याख्यात्मक र विश्लेषणात्मक विधिको पनि उपयोग गरिएको छ ।

## शैद्धान्तिक पृष्ठाधार

मनोभाव भनेका मनमा उत्पन्न हुने विस्मय, आश्चर्य, प्रेम, करुणा आदि भाव हुन् भने तिनलाई अभिव्यक्त गर्ने वाक्प्रतीक चाहिँ भाषा हो । यसैले मनोभाव र भाषाका बिच निकटतम सम्बन्ध हुन्छ । यही मनोभाव र भाषाका बिचको सम्बन्धको वैज्ञानिक अध्ययन गर्ने विधा मनोभाषाविज्ञान हो । मनोभाषाविज्ञानले उत्तेजना प्रतिक्रिया पद्धतिका माध्यमबाट मनोभाव र भाषाका बिचको सम्बन्धको अध्ययन गरेको छ । उत्तेजना र प्रतिक्रिया पद्धतिका आधारमा मनोभाव र भाषाका बिचको सम्बन्धको अध्ययन गर्ने व्यक्ति भाषाविद् ब्लुमफिल्ड हुन् । उनले हरेक मानव व्यवहारलाई उत्तेजना-प्रतिक्रियाका आाधारमा व्याख्या गर्न सकिने भएकाले र भाषा पनि मानव व्यवहारकै एक एकाइ भएकाले यसलाई पनि उत्तेजना-प्रतिक्रियाका आाधारमा व्याख्या गर्न सकिने बताएका छन् र सोहीअनुरूप व्याख्या पनि गरेका छन् । उनका अनुसार भाषा उत्तेजना/मनोभावको मौखिक प्रतिक्रिया हो (ब्लुमफिल्ड, सन् १९३३, पृ.१६५) । उनले एक उदाहरणबाट यस तथ्यलाई स्पष्ट पारेका छन्, जस्तै :

ज्याक र जिल सँगै हुन्छन् । जिलले स्याउ देख्छे । उसलाई स्याऊ खान मन लाग्छ । ऊ ज्याकलाई भन्छे । ज्याकले उसको कुरा सुनेपछि स्याउ टिपेर जिललाई दिन्छ । यहाँ स्याउ देख्नु र खाने इच्छा हुनु गैरभाषिक उत्तेजना हो । जिलले ज्याकलाई स्याउ टिप्न अनुरोध गर्नु त्यसको भाषिक प्रतिक्रिया हो । जिलको अनुरोध ज्याकका लागि भाषिक उत्तेजना हो र जिलले स्याउ टिप्नु भाषिक उत्तेजनाको गैरभाषिक प्रतिक्रिया हो ।


यसलाई निम्नलिखित तरिकाले सूत्रबद्ध गर्न सकिन्छ ।

उत्तेजना(गैरभा.) $\longrightarrow$ प्रतिक्रिया(भा.) ….उत्तेजना(भा.) $\longrightarrow$ प्रतिक्रिया(गैरभा.)

यहाँ पहिलोमा गैरभाषिक उत्तेजनाबाट भाषिक प्रतिक्रिया भएको स्थिति छ र दोस्रोमा भाषिक उत्तेजनाबाट गैरभाषिक प्रतिक्रिया भएको अवस्था छ । गैरभाषिक उत्तेजना र प्रतिक्रिया भनेका मनोभाव हुन् भने भाषिक उत्तेजना र प्रतिक्रिया भनेका भाषिक प्रयोग हुन् । यसर्थ मनोभावको अभिव्यक्तिका लागि भाषाको प्रयोग हुने भएकाले मनोभावगत विविधताका आधारमा भाषाप्रयोगमा पनि वैविध्य आउँछ भन्ने स्पष्ट हुन्छ ।

भाषाविद् पाइकले पनि भाषिक प्रयोगमा व्यवहार र तज्जन्य मनोभावले प्रभाव पार्ने उल्लेख गरेका छन् (पाइक, सन् १९६७, पृ.२६) । जिन पियाजेले मनोभावगत भिन्नताका कारण बालकले प्रयोग गर्ने भाषा र युवा एवम् वयस्कले प्रयोग गर्ने भाषामा भिन्नता हुने बताएका छन् ( पियाजे, सन् १९६४, पृ. १७७-८३) । यसर्थ मनोभावअनुसार भाषाको प्रयोग हुन्छ भने भाषाबाट मनमा पनि प्रभाव पर्दछ भन्ने तथ्य स्पष्ट हुन्छ ।

वक्ता वा लेखकले मनोभावकै प्रतिनिधित्व गर्ने भाषिक रूपको चयन गर्दछ र उक्त भाषिक रूपको बोधपछि श्रोताको मनमा पनि विभिन्न भावको उत्पत्ति हुन्छ (स्पेर्बर र विल्सन (सन् १९८६, पृ.४) । यस प्रक्रियालाई निम्नलिखित आरेखबाट स्पष्ट पार्न सकिन्छ :




यस आरेखअनुसार प्रेषकले निश्चित परिस्थितिका कारण आफ्ना मनमा उत्पन्न भाव वा सन्देशलाई सङ्केतन गरी वा भाषिक रूप दिई हावा, टेलिफोन आदि निश्चित माध्यमको उपयोग गरेर प्रापकलाई दिन्छ । प्रापकको मनले उक्त सन्देशलाई विसङ्केतन गरी ग्रहण गर्दछ । सन्देश ( भाव/विचार), सङ्केतन र विसङ्केतन मानसिक प्रक्रिया भएकाले यिनको सम्बन्ध मस्तिष्कसँग हुन्छ । मनोभावलाई सङ्केत गर्ने कोड मानसिक बिम्व हो । यस्तो मानसिक बिम्ब खास सङ्केत प्रणालीद्वारा सूचना प्रवाह गर्न प्रयोग गरिन्छ । कोडको अभिव्यक्ति मौखिक वा लिखित हुन्छ र यो भाषाविशेषअनुसार फरक फरक हुन्छ । नेपालीमा विस्मयादि भाव सङ्केत गर्ने शब्द ओहो, आम्मै छन् भने अङ्ग्रेजीमा ouch, alas छन् । नेपालीमा जोड दिनका लागि निपातको पनि प्रयोग हुन्छ तर अङ्ग्रेजीमा जोड दिनका वाक्यका घटकलाई सञ्चलित गरेर वाक्यको अग्रस्थानमा ल्याउनुपर्ने हुन्छ, जस्तै :

१. म एक छिनमा तयार हुन्छु । → म एकछिनमै तयार हुन्छु ।

२. I will be be ready **in a moment** → **In a moment** I will be ready.

वक्ताले वाक्यमा जुन अर्थ (वस्तु, व्यक्ति, भाव, घटना वा अवस्था) माथि वक्ताले विशेष जोड दिन चाहेको छ त्यसलाई सङ्केत गर्ने पद र पदावलीलाई वाक्यको अग्रस्थानमा ल्याउने प्रक्रिया प्रक्रिया जोड हो । माथि वाक्य २. मा अङ्ग्रेजीमा जोड दिनका In a moment पदको सञ्चलन भएको छ तर नेपालीमा चाहिँ निपातको प्रयोगबाट पदले दिने अर्थमा जोड दिइएको छ । पदको अर्थमा जोड दिन नेपालीमा पनि सञ्चलन गर्न सकिन्छ । यसरी सञ्चलन गर्दा माथिको वाक्य १.'**एकछिनमा** म तयार हुन्छु' बन्दछ । अङ्ग्रेजीमा निपातको प्रयोग नै नहुने भएकाले जोड दिनका लागि सञ्चलन नै गर्नुपरेको हो तर नेपालीमा भने दुवै विकल्प उपलब्ध छन् । यस्तै भाव/अर्थको अभिव्यक्ति गर्ने वाक्यात्मक संरचना पनि भाषाविशेषमा फरक फरक हुन सक्छन् । नेपालीमा निश्चयार्थक, आज्ञार्थक, सम्भावनार्थक, इच्छार्थक, प्रश्नार्थक र सङ्केतार्थक वाक्य छन् र अङ्ग्रेजीमा पनि यी वाक्य छन् तर संरचना भने केही भिन्न छ । यसर्थ मनका भाव वा विचारलाई जनाउने संरचकहरू भाषाविशेषमा फरक फरक हुन्छन् भन्ने स्पष्ट हुन्छ ।

समग्रमा भन्दा मनोभाव र भाषाको अन्त:सम्बन्धको अध्ययन गर्नु मनोभाषाविज्ञानको मुख्य कार्य हो । मनस्थितिका आधारमा भाषिक संरचना भिन्नभिन्न हुने भएकाले र भाषिक प्रयोगले मनस्थितिलाई प्रभावित बनाउने भएकाले भाषाप्रयोग र मनस्थितिका आधारमा कुनै पनि पाठमा प्रयुक्त भाव/विचार र भाषाको विश्लेषण गर्न सकिन्छ भन्ने उत्तेजना प्रतिक्रिया पद्धतिको मान्यता हो ।

## नतिजा र विमर्श

'मातृत्व' कथा भागीरथी श्रेष्ठद्वारा रचना गरिएको मातृत्वभावको महत्त्व प्रस्तुत गर्ने यथार्थवादी कथा हो । यस कथामा हवाईजहाज दुर्घटनाबाट पति गुमाएकी ममता आफ्ना दुई छोराछोरीका साथ एकल जीवन बिताइरहेकी हुन्छिन् । यस अवस्थामा ममताको पतिको साथी सुबोधले सान्त्वना दिएर उनको मन जितेपछि दुवै जना जीवनमा सहयात्रा गर्ने निधो गर्छन् । ममतालाई आफ्नी बनाएपछि सुबोध छोराछोरीलई गाली गर्ने र हेप्ने गर्छ । यतिसम्म कि छोरी चन्द्रमा हराउँदा पनि प्रहरीले भेटेपछि खबर गरिहाल्छ नि भन्दै बेवास्ता गर्ने, छोरी चन्द्रमा दुर्घटनामा परी अस्पतालमा भर्ना भएको खबर थहा पाउँदासमेत पेट दुखेको बहाना बनाई अस्पताल जान नचाहने जस्ता सुबोधका क्रूर व्यवहारबाट ममता अत्यन्तै पीडित हुन्छिन् । सुबोधसँग बस्दा छोराछोरी सुखी नहुने देखेर छोराछोरीको भविष्यका लागि सुबोधलाई परित्याग गर्छिन् । छोरोछोरीका लागि आमा सबैथोक परित्याग गर्न सक्छिन् भन्ने सन्देश दिँदै 'मातृत्व' शीर्षकलाई सार्थक बनाएर कथा टुङ्गिन्छ ।

उपर्युक्त कथावस्तु र घटनाअनुसार यस कथामा भाषाप्रयोक्ताका रूपमा ममता, सुबोध, छोराछोरी र एकजना युवक छन् । सैद्धान्तिक खण्डमा उल्लेख भएअनुसार मनोभावको अभिव्यक्तिका लागि भाषाको प्रयोग हुन्छ र त्यसले मानसिक प्रभाव पनि पार्छ । यसर्थ यहाँ पनि मातृत्व कथामा अभिव्यक्त मनोभाव, भाषिक प्रयोग र त्यसले पारेको मानसिक प्रभावको चर्चा गरिन्छ :

(१) मम्मी ! के हेरिराख्नुहुन्छ तपाईं सधैँ ? केही हैन छोरा ! सुबोध अङ्कललाई । किन दिनदिनै आउनुहन्छ हामीकहाँ ? किन तिमीलाई मन पर्दैन र ? उहाँले तिमी हामी सबैलाई माया गर्नुहुन्छ । मम्मी ! सुबोध अङ्कल मन पर्दैन मलाई । किन छोरा त्यस्तो भनेको ? उहाँ राम्रो अङ्कल हुनुहुन्छ । त्यसो नभन है छोरा ! तपाईं नहुँदा हामीलाई कस्तो हपार्नुहुन्छ, गाली गर्नुहुन्छ, बुवाले जस्तो माया गर्नुहुन्न । मम्मी ! अबदेखि सुबोध अङ्कललाई हामीकहाँ नआउनू भन्नुस् न । हुन्छ छोरा भन्छु तर अहिले होइन, पछि भन्ने छु ल । (श्रेष्ठ, २०६५, पृ.२१०)

दशवर्षीय बालक (ममताको छोरो) ले आफ्नी आमाले निरन्तर कसैको प्रतीक्षा गरिरहेको देखेर उसको मनमा जिज्ञासाभाव उत्पन्न भएको, त्यो थाहा पाउन आफ्नी आमालाई प्रश्न सोधेको र आमाले उत्तर दिएको सन्दर्भमा संवादका रूपमा 'भाषाप्रयोग १' आएको छ । यो कथाकारले कथाको उपक्रम (प्रारम्भ) गर्दाको सन्दर्भ पनि हो । यो अंश सवादका रूपमा रहेकाले यसमा पूर्ववर्ती वाक्यले पारेको प्रभावका कारण उत्तरवर्ती वाक्यको प्रयोग भएको छ । आमाले निरन्तर बाहिर हेरिरहँदा छोरालाई त्यसबारे जान्ने इच्छा हुनु स्वाभाविकै हो । यसैले उसले आमाप्रति निरन्तर बाहिर हेर्नुको कारणबारे जिज्ञासा राखेको छ (वाक्य-१) । ममताले सुबोधको प्रतीक्षा गरिरहेको बताएर छोराको ज्ञिजासाको समाधान गर्न खोजेकी छन् (वा.२-३) । छोरासँग सत्य बोलेकाले उनी सन्तुष्ट बनेकी छन् । पुनः छोराले सुबोध दिनदिनै आउनुको कारण (वा-४) सोधेपछि (शङ्का) प्रत्युत्तरमा ममताले सुबोधले घरका सबैलाई माया गर्ने गरेकाले आउने गरेको बताउँछिन् (वा.५-६) । छोरालाई मन नपर्ने कुरा पनि मन पर्न बाध्य गराउनुले ममतामा ग्लानिभाव उत्पन्न भएको छ । बाहिर माया गरेजस्तो देखाए पनि ममताको अनुपस्थितिमा गाली गर्ने र हपार्ने गरेकाले सुबोधलाई आफ्नो घरमा नआउन भन्नका लागि छोराले अनुरोध गरेपछि ममताले केही दिनपछि भन्ने भन्दै आफू उम्कन खोजेकी छन् (वा.७-१३ । यहाँ सुबोधले बाहिर माया गरेजस्तो देखाए पनि ममताको अनुपस्थितिमा गाली गर्ने र हपार्ने गरेकाले बालकका मनमा अरुचि, नैराश्य र उपेक्षाभाव उत्पन्न भएको छ भने छोराले भनेको कुरा नमानी स्वार्थपूर्तिमा लागेको अनुभूति भएकाले ममतामा पश्चात्ताप र ग्लानिभाव उत्पन्न भएको छ । सुबोधको मन, वचन र कर्ममा फरकपन भएको तथ्य प्रस्तुत गरी उसलाई कथाको खलपात्रको रूपमा प्रस्तुत गरिएको छ । यसरी पूर्ववर्ती वाक्यहरूले पारेको मानसिक प्रभावको अभिव्यक्तिका रूपमा उत्तरवर्ती वाक्यको प्रयोग भएकाले मानसिक भाव, भावअनुरूपको भाषा र भाषाले पारेको मानसिक प्रभावको शृङ्खलामा उपर्युक्त अंश आएको छ भन्ने स्पष्ट हुन्छ ।

उपर्युक्त तथ्यका आधारमा के स्पष्ट भएको छ भने 'भाषाप्रयोग १.' मनका जिज्ञासा, सन्तुष्टि, शङ्का, अरुचि, नैराश्य, उपेक्षा, पश्तात्ताप, ग्लानि, पीडा र प्रेमभावको अभिव्यक्तिका रूपमा प्रस्तुत भएको छ । छोराको मनमा जिज्ञासा, शङ्का, अरुचि, नैराश्य र उपेक्षाभाव उत्पन्न भएका छन् भने आमाको मनमा पश्चात्ताप, ग्लानि र पीडाभाव उत्पन्न भएका छन् । यी भावको अभिव्यक्तिका लागि कथामा सैद्धान्तिक खण्डमा उल्लेख भएझैँ विस्मयादिबोधक शब्द (मम्मी ! ), निपात (र, न, ल), विशिष्ट पद/पदावली ('मन पर्दैन', 'हपार्नुहुन्छ', 'माया गर्नुहुन्न', हामीकहाँ नआउनू भन्नुस्) र भावबाधेक वाक्यहरू प्रयोग गरिएको छ । भाववोधक वाक्यहरूमा प्रश्नार्थक (चारओटा वाक्य), निश्चयार्थक (आठओटा वाक्य) र आज्ञार्थक संरचना (एउटा वाक्य) को प्रयोग गरिएको छ । यी भावमध्ये जिज्ञासा, शङ्का, अरुचि, उपेक्षाभावलाई सङ्केत गर्न प्रश्नार्थक संरचनाको प्रयोग गरिएको छ । प्रश्नार्थक संरचनामा प्रश्नवाचक शब्द के, किन शब्द र अनुतानबोधक चिह्न (?) को प्रयोग गरिएको छ । शङ्का, अरुचि, नैराश्य र उपेक्षाभावको अभिव्यक्तिका लागि निश्चयार्थक संरचनामा 'मन पर्दैन', 'हपार्नुहुन्छ', 'माया गर्नुहुन्न', हामीकहाँ नआउनू भन्नुस् जस्ता विशिष्ट पद/पदावलीको प्रयोग गरिएको छ । यस्तै पश्चात्ताप र ग्लानिभावको अभिव्यक्तिका लागि '*अहिले होइन, पछि भन्ने छु*' संरचनाको प्रयोग भएको छ भने प्रेम भावको अभिव्यक्तिका लागि 'माया गर्नुहुन्छ', 'राम्रो अङ्कल हुनुहन्छ' जस्ता विशिष्ट पदावलीको प्रयोग गरिएको छ । यसर्थ मानसिक भावअनुसारको भाषिक संरचना रहेकाले र उक्त भाषिक संरचनाले मानसिक प्रभावसमेत पारेकाले मनोभाषावैज्ञानिक दृष्टिबाट कथाको प्रारम्भ उपयुक्त छ भन्न सकिन्छ ।

(२) ममता ! तिमी किन पिर लिन्छ्यौ ? हुने कुरा भइहाल्यो । मन बलियो बनाउनुपर्छ । ...जिन्दगीमा पिरबाहेक सुख कहाँ देख्न पाउँछु र ? सहारा, सुरक्षा र माया गुमाइसकेकी एउटी स्वास्नी मान्छेको अनुहार कसरी उज्यालिन सक्छ र ? छोराछोरी सानै छन् । आफै सोच्नुहोस्, यत्रो लामो जिन्दगी लिएर म कसरी बाँचू ? यो सोच्दा मलाई पट्यार लाग्छ । (पृ.२११)

हवाईजहाज दुर्घटनामा पति गुमाएपछि सहाराविहीन भएर चिन्तित भइरहेको अवस्थामा ममतालाई सुबोधले सान्त्वना दिँदा पनि उनले चित्त बुझाउन नसकेको सन्दर्भमा 'भाषाप्रयोग २' प्रस्तुत भएको हो । सुरुमा सबोधले ममतालाई चिन्ता नलिन गरेको आग्रह (वा. १-३) को अभिव्यक्ति छ । यसपछिका अन्य वाक्य (४-८)हरू ममताका मानसिक पीडाका अभिव्यक्तिका रूपमा प्रयुक्त छन् । सुबोधको आग्रहभावलाई व्यक्त गर्न 'किन पिर लिन्छ्यौ ?' 'हुने कुरा भइहाल्यो,' 'मन बलियो बनाउनुपर्छ' जस्ता प्रश्नार्थक र निश्चयार्थक संरचनाको प्रयोग गरिएको छ । कसैलाई पिर गर्न नहुने भनेर सम्झाउन सजिलो भए पनि अरूलाई पर्दा वेदान्त (उपदेश दिनु) र आफूलाई पर्दा मरणान्त (अति पिर गर्नु ) भनेझैँ वास्तवमा विधवाले आफ्नै पतिको सत्मा बस्नुपर्ने र दोस्रो विवाह गर्न नहुने भन्ने मान्यता भएको समाजमा टुहुरा छोराछोरी भएकी एकल महिलालाई तनावरहित भएर बाँच्न कठिन पर्छ भन्ने भावको अभिव्यक्तिका लागि उत्तरवर्ती वाक्यहरू आएका छन् । उत्तरवर्ती वाक्यमा उपर्युक्त भावलाई सङ्केत गर्न निपात (र, सानै, 'आफैँ' मा रहेको नै/ऐ ), विशिष्ट पद/पदावली (सहारा, सुरक्षा र माया गुमाइसकेकी एउटी स्वास्नी

मान्छे, लामो जिन्दगी, पट्यार) का साथै निश्चयार्थक (चारओटा), प्रश्नार्थक (चारओटा) र प्रश्नार्थक मिश्रवाक्यभित्र अन्तर्गर्भित भएर आज्ञार्थक (एउटा) र इच्छार्थक (एउटा) वाक्यको प्रयोग भएको छ । यस अंशबाट ममता आफ्ना छोराछोरीको अभिभावकत्व ग्रहण गर्न सक्ने र आफूलाई सहारा दिन सक्ने जीवनसाथीको खोजीमा छन् भन्ने भाव व्यक्त हुन्छ । यसपछि सुबोधले जिन्दगीभरि ममताको साथ नछोड्ने प्रतिबद्धता व्यक्त गरेको छ । यो 'भाषाप्रयोग २.' बाट परेको मानसिक प्रभाव हो ।

(३) चुरोटको गन्ध मलाई पटक्कै मन पर्दैन । तपाईं बढी नै चुरोट पिउनुहुन्छ । स्वास्थ्यको लागि पनि राम्रो होइन । छोड्न सकिन्न र ? किन ममता ? किन नसक्नू ? मन बलियो हुनुपर्छ । गर्छु भन्ने प्रण गर्नुपर्छ । आफूलाई नियन्त्रण गर्नुपर्छ । म भोलि नै भन्न सक्तिनँ । केही दिनमै छोडेर देखाइदिन्छु । (पृ.२१३)

सुबोधले जिन्दगीभर साथ नछोड्ने वचन दिएपछि ममताले सुबोधलाई स्विकारेको र दुवै जना एकअर्काको भावनालाई सम्मान गर्दै अघि बढ्न थालेको सन्दर्भमा 'भाषाप्रयोग ३' प्रस्तुत भएको हो । आफूले सधैँ साथ दिने वाचा गरेको प्रेमीको जीवन दीर्घायु हुनुपर्छ भन्ने सबै नारीको चाहना हुन्छ । यही चाहनाको अभिव्यक्ति यस अंशमा भएको छ । सुबोधले बढी चुरोट पिउने भएकाले, चुरोटको गन्ध आफूलाई पटक्कै मन नपर्ने भएकाले र स्वास्थ्यका लागि पनि चुरोट घातक हुने भएकाले ममताले सुबोधलाई चुरोट छोड्न अनुरोध (वा.१-४) गरेकी छन् । यसैको मानसिक प्रभावका रूपमा उत्तरवर्ती अंश (वा.५-११) प्रयुक्त छ । यसमा आफूले चुरोट छोडेर ममताको चाहना पूरा गर्ने प्रतिबद्धता सुबोधले व्यक्त गरेको छ । सुबोधले चुरोट छोडेपछि ममता र उनले सेतो सारी परित्याग गरेर कलेजी, बैजनी र प्याजी रङ्गको सारी लगाउन थालेपछि दुवै जना अत्यन्त प्रसन्न हुन्छन् । यो क्षण प्रेमभाव पूर्णतः पुष्पित भएको अवस्था हो । उपर्युक्त भावको अभिव्यक्तिका लागि निपात (नै, 'पटक्कै' मा नै/ऐ, र), विशिष्ट पद/पदावली (प्रण, पटक्कै मन पर्दैन, मन बलियो हुनुपर्छ) का साथै निश्चयार्थक (आठओटा) र प्रश्नार्थक (तीनओटा) वाक्यको प्रयोग भएको छ । यसपछि दुवै जनाको जीवन सहजता र आनन्दका साथ अघि बढेको छ । यो यस अंशबाट परेको मानसिक प्रभाव हो ।

. (४) हलुवा साह्रै मिठो बनाइछ्यौ । पुगेन । बाँकी छ भने अलिकति थपिदेऊ न ममता ! छोराछोरीका लागि मात्र छ । अरू खाने कुरा बनाइदिऊँ ? के खानुहुन्छ ? बच्चाहरूलाई अरू दिए हुन्छ नि । यही देऊ न मलाई । (पृ.२१३)

ममताले सुबोधलाई खाजा खान दिएको सन्दर्भमा 'भाषाप्रयोग ४' प्रस्तुत भएको हो । सुरुको अंश (वा.१-३) मा सुबोधले हलुवा मिठो बनाएकाले ममताको प्रंशसा गरेको र अरू थपिदिन आग्रह गरेको तर हलुवा छोराछोरीका लागि मात्र बाँकी रहेकाले ममताले सुबोधलाई अरू खाने कुरा बनाइदिने इच्छा व्यक्त गरेको (वा४-५) र बच्चालाई अरू दिएर आफूलाई हलुवा नै दिन सुबोधले निर्देशन दिएको यस अंशमा प्रशंसा, अनुरोध र आदेश भाव व्यक्त भएका छन् । यी भावको अभिव्यक्तिका लागि विस्मयादिकबोधक (ममता !), निपात (न, नि), विशिष्ट पद/पदावली ( साह्रै मिठा,अलिकति थपिदेऊ, यही देऊ न) र निश्चयार्थक (तीनओटा), आज्ञार्थ (दुइटा) र प्रश्नार्थक (एउटा) वाक्यको प्रयोग भएको छ । 'बच्चाहरूलाई अरू दिए हुन्छ नि !' सुबोधको यस कथनबाट ममतालाई आफ्नो जीवनको प्रेममय हलुवामा घृणामय बालुवाको प्रवेश भएको अनुभव भएको छ । उनले आफ्ना प्रेमीबाट यस्तो कुरा सुन्नुपर्ला भन्ने सोचेकी समेत थिइनन् । आफ्ना पतिले केही खाने कुरा खाँदा छोराछोरीलाई पहिले छुट्याएर खाने गरेकामा सुबोधले चाहिँ छोराछोरीलाई समेत राखेको हलुवा आफूलाई दिन आदेश दिँदा ममतामा अत्यन्तै पीडाबोध भएको छ तर प्रेममा समर्पण भाव हुनुपर्छ बुझ्षेकी ममताले प्रेमीको मनलाई सन्तुष्ट पार्न छोराछोरीका लागि राखेको हुलवा समेत दिन्छिन् । यो यस अंशबाट परेको मानसिक प्रभाव हो ।

(५) तिमीलाई सबभन्दा बढी कसको माया लाग्छ ? संसारमा सबभन्दा बढी माया त मान्छेले आफैँलाई गर्छ । होइन र ? ...त्यो त सबैले बुझ्षेको र जानेको कुरा हो । त्यसपछि अझ कसको ? तपाईंको, छोराछोरीको । म त चाहन्छु, तिमी तिम्रा छोराछोरीलाई भन्दा पनि मलाई बढ्ता माया गर । (पृ.२१४)

ममताले प्रेममा भएको समर्पणका कारण छोराछोरीलाई समेत नराखी सुबोधलाई हलुवा दिएपछिको सन्दर्भमा 'भाषाप्रयोग ५' प्रस्तुत भएको छ । यसमा सुरुमा सुबोधले ममतालाई आफ्नो माया कति लाग्छ (वा.१) भन्ने सोधेपछि ममताले संसारमा सबै मान्छेले सबैभन्दा बढी आफूलाई माया गर्ने बताएकी छन् (वा २) । पुनः आफूपछि कसको भनेर प्रश्न (वा ३-४) गर्दा सुबोध र छोराछोरीको माया लाग्ने बताएकी छन् (वा ५) तर सुबोधले भने सबैभन्दा बढी आफूलाई माया गर्न निर्देशन (वा.६) दिएको छ । यसरी सुबोधले आफूलाई मात्र माया गर्नुपर्ने बताएकाले उसमा स्वार्थभाव र ईर्ष्याभाव उत्पन्न भएको स्पष्ट हुन्छ भने सबैलाई आआफ्नो ठाउँमा समान किसिमले माया गर्ने बताएकाले ममतामा निःस्वार्थ प्रेमको भाव रहेको छ । एउटी आमालाई छोराछोरीको जति माया अरूको लाग्दैन । यहाँ पनि ममताले सबैलाई समान किसिमले प्रेम गर्ने बताउँदा बताउँदै सुबोधले सबैभन्दा बढी माया आफूलाई गर्नुपर्छ भनेकाले ममतामा ऊप्रति घृणाभाव उत्पन्न भएको छ । माया भनेको व्यवहारबाट हुने र गरिने कुरा हो । कसैले आफूलाई मात्र माया गर्नुपर्छ भनेर हुकुम दिन्छ भने माया गरिरहेको व्यक्तिले पनि उसलाई माया होइन, घृणा गर्छ । सुबोधको हुकुमपछि ममतालाई उसले केवल दैहिक वासनापूर्तिका लागि मात्र प्रेम गरिहेको प्रतीत हुन्छ, यसैले ममतामा सुबोधप्रति घृणाभाव उत्पन्न भएको छ । यी भावको अभिव्यक्तिका लागि निपात (त, र), विशिष्ट पद/पदावली (बढ्ता माया) र निश्चयार्थक

(तीनओटा), प्रश्नार्थक (तीनओटा), आज्ञार्थक एउटा) वाक्यको प्रयोग भएको छ । यसबाट ममताको मनमा दुःख र प्रेममा चिरा परेको अनुभूति भएको छ । यो यस अंशबाट परेको मानसिक प्रभाव हो ।

(६) मम्मी ! मम्मी ! खाने कुरा दिनुस् । मम्मी ! भोक लाग्यो ।.. बच्चाहरूले डिस्टर्ब गरेको मन पर्दैन मलाई । पैसा दिएर बाहिर खान जाऊ भन । (पृ.२१४)

छोराछोरी विद्यालयबाट आएर आमा ममतासँग खाजा माग्दै गरेको सन्दर्भमा 'भाषाप्रयोग ६' प्रस्तुत भएको हो । यस प्रयोगको पूर्वार्ध (वा.१-२) मा छोराछोरीले भोक लागेकाले खाजाको माग गरेका छन् भने उत्तरार्ध (वा.३–४) मा सुबोधले बच्चाहरूले खाजा माग्दा डिस्टर्ब गरेको मन नपर्ने भन्दै पैसा दिएर बाहिर खाजा खान पठाउन भनेको छ । उपर्युक्त संवाद अंशमा पूर्ववर्ती वाक्य (१-२) ले पारेको मानसिक प्रभावपछि उत्तरवर्ती वाक्य (३-४)को प्रयोग भएको छ । यहाँ छोराछोरीमा निःस्वार्थ प्रेमभाव छ र सुबोधमा उपेक्षाभाव छ । यी भाव अभिव्यक्त गर्नका लागि विस्मयादिबोधक पद (मम्मी ! तीन पटक), विशिष्ट पद/पदावली (खाने कुरा, भोक लाग्यो, डिस्टर्ब, मन पर्दैन, पैसा, बाहिर) र निश्चयार्थक ( दुइटा) र आज्ञार्थक (दुइटा) वाक्यको प्रयोग भएको छ । 'मम्मी' पद तीन पटक आएकाले छोराछोरी आमा भनेपछि कति हुरुक्कै हुन्छन् भन्ने भाव अभिव्यक्त भएको छ । यस अंशमा प्रयोग भएका 'भोक लाग्यो, 'खाने कुरा दिनुस्' जस्ता संरचना बालबालिकाले प्रयोग गर्ने विशिष्ट संरचना हुन् । यहाँ सुबोधले ममताका छोराछोरीलाई वास्ता नगर्ने, रुखो व्यवहार देखाउने भएकाले यी दुईका बिच मनमुटाउ बढ्ने वातावरण सृजना भएको छ तर पनि ममताले जीवनसाथीको प्रेम र सन्तानको प्रेमलाई समान रूपमा अघि बढाउन चाहेकी छन् । यो यस अंशबाट परेको मानसिक प्रभाव हो ।

(७) ढोका लगाइदेऊ ममता ! ..छोराछोरी आइपुग्छन् । आज सन्च पनि छैन । धेरै बहाना नगर । आजकाल तिमी निर्जीव जस्तै लाग्छ । ...कति सजीव भइराख्ने त ? जिउको पनि ख्याल गर्नुपर्छ । समयको पनि ध्यान दिनुपर्छ । अरू कुरा थाहा छैन । खुरुक्क ढोका लगाएर यहाँ आऊ । (पृ.२१५)

छुट्टीको दिन छोराछोरीसँग रमाउँदै बसेको अवस्थामा आइपुगेको सुबोधले ममताकै पर्स खोली छोराछोरीलाई पैसा दिएर बाहिर खेल्न पठाएपछिको सन्दर्भमा 'भाषाप्रयोग ७' प्रस्तुत भएको हो । छोराछोरीलाई बाहिर पठाइसकेपछि भएको एकान्त वातावरणको फाइदा उठाउँदै सुबोध ममतालाई ढोका बन्द गर्न निर्देशन दिन्छ (वा.१) आफूलाई सन्चो नभएको र छोराछोरी पनि आइपुग्ने भएकाले ममता ढोका बन्द अस्वीकार गर्छिन् (वा.२-३) । सुबोध आफ्नो दैहिक वासनालाई पूरा गर्न नपाएकाले ममतालाई मुर्दातुल्य भएको आरोप लगाउँछ (वा.४-५) । ममताले मन नपरेको कुरामा सक्रिय हुनु भनेको समयको र शरीरको बेवास्ता गर्नु हो (वा.६-८) भनेपछि ममताको भावनालाई लत्याउँदै सुबोध प्रभुसम्मित वाक्यमा ढोका बन्द गर्न निर्देशन दिन्छ (वा.९-१०। ममताले शारीरिक भन्दा मानसिक प्रेम चाहेकी थिइन् तर सुबोधले मानसिक भन्दा शारीरिक प्रेममा बढी जोड दिएको छ । यहाँ ममताको इच्छाविपरीत आफ्नो दैहिक वासना शान्त पार्न खोजेकाले सुबोधको आक्रमणकारी स्वभाव भएको स्पष्ट हुन्छ । यसैले सुबोधमा दैहिक वासना र त्यो शान्त पार्न नपाउँदा उत्पन्न भएको क्रूरताको भाव छ भने ममतामा सहनशीलताको भाव छ । यी भावको अभिव्यक्तिका लागि निपात (त, पनि), विशिष्ट पद/पदावली (बहाना, निर्जीव, सजीव, जिउको पनि ख्याल, समयको पनि ध्यान) र निश्चयार्थक (छओटा), आज्ञार्थक (तीनओटा) र प्रश्नार्थक( एउटा) वाक्यको प्रयोग भएको छ । यसपछि ममता बाध्य भएर ढोका लगाउँछिन् तर एक छिनमै छोराछोरीहरू 'मम्मी !' भन्दै आइपुगेकाले उनी प्रेमीबाट पीडा पाउनबाट मुक्त भएकी छन् । यसपछि छोराछोरीलाई बोर्डिङमा राख्न नमानेको आरोप लगाउँदै सुबोध घरबाट निस्केको छ । यो यस अंशबाट परेको मानसिक प्रभाव हो ।

(८) आज सिनेमाको कार्यक्रम राखेको छु । तयार होऊ । बच्चाहरूलाई घरैमा छोड । ..होइन, हामी घर बस्दैनौं । हामी पनि सिनेमा हेर्न जाने । ..हुँदैन । तिमीहरू घरमै बस्नुपर्छ । (पृ.२१६)

ममतासँगै बसेर दैहिक क्रीडामा रमाउन खोज्दा छोराछोरीले डिस्टर्ब गरे भनी रिसाएर गएको सुबोधले अर्को दिन आएर ममतासँग सिनेमा हेर्न जाने प्रस्ताव राखेको सन्दर्भमा 'भाषाप्रयोग ८' प्रस्तुत भएको हो । यसमा सुबोधले आफूले सिनेमा हेर्न जाने कार्यक्रम राखेकाले बच्चालाई घरमै छोडेर ममतालाई तयार हुन निर्देशन दिएको छ (वा.१-३) । छोराछोरीले भने आफू घरमा नबसी सँगै सिनेमा हेर्न जाने चाहना राखेका छन् ( वा.४ -५) । यसपछि सुबोधले छोराछोरीलाई सिनेमा हेर्न नगई घरमै बस्नुपर्ने थप निर्देशन दिएको छ (वा.६-७) । यसरी सुबोधले दैहिक वासना परिपूर्ति गने खेलमा ममताका छोराछोरीलाई बाधक ठानेको छ । यसैले उसको बालबालिकाहरूप्रति उपेक्षा र निर्ममताको भाव छ । छोराछोरीमा भने बालसुलभ इच्छा छ । उनीहरू अभिभावकसँगै सिनेमा हेर्न जान चाहन्छन् । यी भावको अभिव्यक्तिका लागि निपात (घरमै-नै/ऐ, पनि), विशिष्ट पद/पदावली (सिनेमा, बच्चाहरू, घरमै छोड, घरमै बस्नुपर्छ) र निश्चयार्थक (छओटा) र आज्ञार्थक (दुईओटा) वाक्यको प्रयोग भएको छ । सुबोधले प्रयोग गरेका कठोर वचनबाट छोराछोरीको बालमनोविज्ञानमा ठुलो आघात पुगेको छ । यो यस कथनबाट परेको मानसिक प्रभाव हो ।

(९) कति छोराछोरीको ख्याल गर्नुपर्छ तिमीलाई हँ ? त्यही छोराछोरीका लागि बाँचेकी छु त के गर्ने ? मैले माया नगरे कसले गर्छ ? ...ए तिमी मेरो लागि बाँचेकी होइनौ ? होइन, तपाईंका लागि पनि त बाँचेकी छु नि ! तर छोराछोरीका लागि पनि हो । (पृ.२१६)

छोराछारीलाई सिनेमा हेर्न सँगै लग्ने चाहना हुँदाहुँदै सुबोधको प्रतिरोधका कारण यो सम्भव नभएपछि उनी सुबोधसँग गएकी र सिनेमा हेरेर फर्कन लाग्दा छोराछारीलाई दिएको वचनमुताबिक उनले बिस्कुट र चकलेट किनिदिएपछिको सन्दर्भमा 'भाषाप्रयोग ९' प्रस्तुत भएको हो । छोराछोरीलाई भन्दा आफूलाई बढ्ता माया गर्नुपर्ने सुबोधको धारणा छ भने ममताको चाहिँ छोराछोरी र जीवनसाथी दुवैलाई समान माया गर्नुपर्ने अडान यथावत् छ । यसैले सुबोधमा ईर्ष्याभाव र भेदभाव छ भने ममतामा सहनशीलता र समानताको भाव छ । यी भावको अभिव्यक्तिका लागि निपात (हँ, त,नि), विशिष्ट पद/पदावली (ख्याल, छोराछोरीका लागि बाँचेकी, माया, तपाईका लागि पनि त बाँचेकी) र प्रश्नार्थक (चारओटा) र निश्चयार्थक (एउटा) वाक्यको प्रयोग भएको छ । ममताका कुरा सुनेपछि सुबोधको मुख अँध्यारो भएको छ । यसबाट सुबोध आफ्नो माया र विचारलाई फराकिलो पार्न नसक्ने सङ्कीर्ण विचार भएको व्यक्ति भएको अनुभूति ममतालाई भएको छ । यो यस अंशबाट परेको मानसिक प्रभाव हो ।

(१०). मलाई साह्रै पेट दुखेको छ । चन्द्रमालाई धेरै चोट लागेको रहेनछ । सँगै ल्याऊ । (पृ.२१७)

छोरी चन्द्रमा दुर्घटनाबाट घाइते भएर अस्पतालमा छिन् भन्ने खबर सुनेपछि ममता अस्पताल जान हतारिरहेको सन्दर्भमा 'भाषाप्रयोग १०' प्रस्तुत भएको हो । खबर ल्याउने पात्र एक जना भाइ हो । उसले "दिदी ! चन्द्रमा अस्पतालमा छिन् । मोटरसाइकलले धक्का दिएछ" (पृ. २१७) भनेको छ । यो खबर सुनेपछि ममता बेहोस भएकी छन् र केही बेरमा होसमा आएपछि अस्पताल जान लाग्दा सुबोधले आफूलाई साह्रै पेट दुखेको बहाना बनाई आफू अस्पताल जान नसक्ने भएकाले छोरीलाई आफूसँगै ल्याउन ममतालाई निर्देशन दिएको छ । यसबाट सुबोधमा छोराछोरीप्रति मायाको अभाव त छँदै थियो, सत्यताको पनि अभाव छ भन्ने स्पष्ट हुन्छ । यी भावको अभिव्यक्तिका लागि निपात ('साह्रै' शब्दमा रहेको नै/ऐ ), विशिष्ट पद/पदावली (साह्रै पेट दुखेको, चोट लागेको रहेन छ), निश्चयार्थक (दुइटा) र आज्ञार्थक (एउटा) वाक्यको प्रयोग भएको छ । आफ्नी छोरी दुर्घटनामा परी अस्पतालमा हुँदा सुबोधले देखाएको यस व्यवहारबाट ममतामा सुबोधप्रति घृणाभाव उत्पन्न भएको छ । अस्पताल गएर छोरीलाई ल्याउँदा पनि सुबोधलाई पलङमै सुतिरहेको देखेपछि ममतामा क्रोधभाव पनि उत्पन्न भएको छ, सद्भावनाको पुल भत्किएको छ । आफ्ना सन्तान मानेर बस्छु भन्ने प्रतिबद्धता जनाउने व्यक्तिले माया गर्नुको साटो घृणा गर्ने सुबोधसँग सम्बन्ध राख्नु उपयुक्त हुँदैन भन्ने लागेको छ । यो यस अंशबाट ममतामा परेको मानसिक प्रभाव हो ।

(११) ममता ! मलाई थाहा छ, तिमी निकै परिवर्तन भइरहेछ्यौ । यसको कारण के हो ? किन जबाफ नदिएकी हँ ? ...आज म तपाईंसँग अन्तिम फैसला गर्दै छु । जुन फैसलाले तपाईलाई चोट पर्ला र मलाई पनि पर्न सक्छ । मैले आफ्ना छोराछोरीका लागि यो कुरा गर्दै छु । जुन कुरा गर्छु भन्ने सपनामा पनि सोचेकी थिइनँ, न त तपाईंले नै सोच्नुभएको थियो । अब मनमा गुम्स्याएर राख्नु उचित छैन । जुन विश्वास र आस्था लिएर तपाई सहारा खोजेँ त्यो सबै मृगतृष्णा रहेछ । (पृ.२१८)

सुबोधको व्यहारबाट ममतामा उत्पन्न भएको क्रोधभाव पराकाष्ठामा पुगेपछि त्यसलाई व्यक्त गर्ने अवसर पर्खिरहेको सन्दर्भमा 'भाषाप्रयोग ११' प्रस्तुत भएको हो । ममतालाई पहिलेकी भन्दा फरक भएको अनुभव गरेपछि सुबोध यसको कारणबारे जिज्ञासा राख्छ (वा.१-३) । बाँकी अंश ( वा.४-९) मा सुबोधको जिज्ञासाको समाधान ममताले गरेकी छन् । ममताले छोराछोरीको सुरक्षा र आफ्नो अपूरो जीवनलाई पूर्णता दिनका लागि मानसिक प्रेमको चाहना राखेर सुबोधलाई स्विकारेको तर तर त्यो सबै कुरा आफ्नो मृगतृष्णा अर्थात् भ्रम रहेको बताएकी छन् । यस विचारको अभिव्यक्तिका लागि निपात (हँ, पनि, त), विशिष्ट पद/पदावली (परिवर्तन, जबाफ, अन्तिम फैसला, चोट,सपना, मनमा गुम्स्याएर, विश्वास, आस्था, सहारा, मृगतृष्णा), निश्चयार्थक (सातओटा) र प्रश्नार्थक (दुइटा) वाक्यको प्रयोग भएको छ । यसपछि सुबोधमा पनि क्रोधभाव उत्पन्न भएको छ र सहयात्रा टुट्ने सङ्केत मिलेको छ । यो यस अंशबाट परेको मानसिक प्रभाव हो ।

(१२) त्यसो भए हाम्रो नाटकीय जीवन तिमीले खतम गर्दैछौ, होइन । ...आखिर जीवन नै नाटक हो । संसार नै रङ्गमञ्च हो । म तिम्रो जीवन बर्बाद गरिदिन्छु, बदनाम गरिदिन्छु । ..मलाई कुनै पर्बाह छैन । सबै कुरा सहने छु । (पृ.२१९)

ममताले सुबोधलाई परित्याग गर्ने आफ्नो अन्तिम फैसला सुनाएपछिको सन्दर्भमा 'भाषाप्रयोग १२' प्रस्तुत भएको हो । यसमा ममताको फैसलाको विरोध गर्दै सुबोधले उल्टो उनलाई नाटकीय जीवन खतम पारेको आरोप लगाएको छ (वा.१) ममताले जीवन नाटक र संसार रङ्गमञ्च भएको कुरा बताएपछि (वा.२-३) सुबोध ममताको जीवनलाई बर्बाद र बदनाम गरिदिने धम्की दिन्छ (वा.४) ममता यसमा कुनै पर्बाह नभएको बरु सबै कुरा सहने बताउँछिन् (वा.५-६) । सुबोधसँगै रहिरहेमा छोराछोरीको भविष्य राम्रो हुने नदेखेर ममता सुबोधसँग छुट्टिने निष्कर्षमा पुग्छिन् । यहाँ सुबोधमा क्रूरता, आक्रमणशीलता र उद्दण्डताभाव छन् भने ममतामा सहनशीलता र शान्तभाव छन् । यी भावको अभिव्यक्तिका लागि निपात (नै), विशिष्ट पद/पदावली (नाटकीय जीवन, खतम, संसरा नै रङ्गमञ्च, जीन बर्बाद, पर्वाह, सहने छु) र निश्चयार्थक (छओटा) वाक्यको मात्र प्रयोग भएको छ । यसपछि सुबोध जुरुक्क उठेर ममतालाई आँखा तर्दै बाहिर निस्केको छ । यो यस अंशबाट परेको मानसिक प्रभाव हो ।

(१३) मम्मी ! मम्मी ! सुबोध अङ्कल मन पर्दैन । ..छोरा ! अब कहिल्यै आउने छैन सुबोध अङ्कल । (पृ.२१९)

ममताले सुबोधलाई परित्याग गर्ने निर्णय गरेर छोराछोरीसँग सुतिरहेको सन्दर्भमा 'भाषाप्रयोग १३' प्रस्तुत भएको हो । निद्रामै छोरा बर्बराएर सुबोध अङ्कल मन नपर्ने बताएको छ (वा. १) र ममताले अब सुबोध कहिले नआउने भनी छोरालाई आश्वस्त बनाएकी छन् (वा.२) । यो भनेको मातृत्वभावले जितेको अवस्था हो । यहाँ छोराको आमाप्रति अतिशय प्रेम र सुबोधप्रति घृणाभाव रहेको छ भने ममताको सुबोधप्रति उपेक्षाभाव र छोराप्रति मायाभाव रहेको छ । सन्तानका लागि जस्तोसुकै कुरा पनि त्याग गर्न पछि नपर्ने मातृत्व शक्तिका अगाडि भौतिक वासनामूलक प्रेम तुच्छ हुन्छ भन्ने भाव यस अंशबाट प्रस्तुत भएको छ । यस्तै 'कुपुत्रो जायेत क्वचिदपि कुमाता नभवति' अर्थात् सन्तान कुपुत्र वा कुपुत्री बन्न सक्छन् तर आमा कहिल्यै कुमाता बन्दिनन् भन्ने मनोवैज्ञानिक यथार्थ पनि यस अंशबाट प्रस्तुत भएको छ । यस्तै 'जननी स्वर्गभन्दा पनि महान् हुन्छिन्' भनेको जननीमा हुने भाव र शक्ति अर्थात् 'मातृत्व' कै कारण हो । यहाँकी माता ममतामा पनि आफ्ना सन्तानप्रति उच्च तहको प्रेमभाव र आफ्ना सन्तानका लागि संसारका सबै कुरालाई परित्याग गर्न सक्ने उच्च शक्ति (मनोबल) रहेकाले 'मातृत्व' शीर्षक पनि सार्थक भएको स्पष्ट भएको छ । यी भाव र विचारको अभिव्यक्तिका लागि निपात ('कहिल्यै' मा रहेको नै/ऐ) विशिष्ट पद/पदावली (मम्मी ! छोरा ! मन पर्दैन, कहिल्यै आउने छैन) र निश्चयार्थकमा रहेका निम्न आदरका वाक्यको प्रयोग भएको छ । यसपछि ममता तनावबाट मुक्त भएकी छन् । यो यस अंशबाट परेको मानसिक प्रभाव हो ।

## निष्कर्ष

मनोभाषाविज्ञानको उत्तेजना प्रतिक्रिया पद्धतिका अनुसार निश्चित परिस्थितिका कारण मनमा उत्पन्न भावको अभिव्यक्ति भाषा हो भने भाषाबाट मनमा पनि प्रभाव पर्छ । यसैले मनोभावअनुसार भाषिक संरचनाको प्रयोग हुन्छ र उक्त भाषाप्रयोगले श्रोताको मन प्रभावित हुन्छ भन्ने तथ्य मातृत्व कथाको विश्लेषणबाट पनि स्पष्ट भएको छ । यस कथामा प्रयोग भएका पात्रहरू ममता, सुबोध, छोराछोरी र एक जना भाइ छन् । ममता यस कथाकी प्रमुख पात्र हुन् । कथाबाट मनोभाषावैज्ञानिक विश्लेषणका लागि लिइएका १३ ओटा भाषाप्रयोगमध्ये १० ओटा (१-७, ९, ११,१२) मा उनी बोलेकी छन् । यी मध्ये 'भाषाप्रयोग १ र १३' आमा र छोराको संवादका रूपमा रहेका छन् भने अरू सुबोध र ममताका संवादका रूपमा रहेका छन् । हवाईजहाज दुर्घटनाबाट पति गुमाएकी ममताले आफ्ना दुई छोराछोरीका साथ एकल जीवन बिताइरहेको अवस्थामा उनका पतिको साथी सुबोधले सान्त्वना दिएर उनको मन जितेपछि दुवै जनाले जीवनमा सहयात्रा गर्ने निधो गरे पनि सुबोधले छोराछोरीप्रति गरेको अमानवीय व्यहारबाट आजित भएर उनी अन्ततः सुबोधलाई परित्याग गर्छिन् । सन्तानका लागि जस्तोसुकै कुरा पनि त्याग गर्न पछि नपर्ने मातृत्व शक्तिका अगाडि भौतिक वासनामूलक प्रेम तुच्छ हुन्छ भन्ने सन्देश दिन उनी सफल भएकी छन् । यसैले यो विषम परिस्थितिबाट उनको मनस्थिति पूर्णतः प्रभावित भएको छ । उनका मनमा परिस्थितिअनुसार पश्चात्ताप, ग्लानि, पीडा, प्रेम, घृणा र क्रोधभाव उत्पन्न भएका छन् । यस्तै सुबोध यस कथाको अर्को पात्र हो । १३ ओटा भाषाप्रयोगमध्ये ११ ओटा (२-१२) मा ऊ बोलेको छ । उसको मन, वचन र कर्ममा फरकपन भएकाले ऊ कथाको खलपात्रको रूपमा प्रस्तुत भएको छ । यसैले उसको मनस्थिति पनि भिन्न छ । उसमा ममताप्रति मानसिक प्रेमभन्दा शारीरिक आसक्तिभाव बढी छ । आफ्नो इच्छा पूरा हुन नसकेपछि उसमा ममताप्रति क्रोधभाव पनि उत्पन्न भएको छ । यस्तै छोराछोरीप्रति उसको उपेक्षाभाव छ । छोराले ३ तीन ओटा प्रयोग (१,८,१३) मा र छोरीले एउटा प्रयोग (८) मा बोलेकी छन् । उनीहरूमा जिज्ञासा, बालसुलभ चाहना र प्रेमभाव छन् । भाइले एउटा प्रयोग (भाषाप्रयोग १० को व्याख्यात्मक अंश) मा बोलेको छ । उसमा सहयोगभाव छ । यी पात्रहरूका मनमा रहेका भावको अभिव्यक्तिका लागि कथामा विस्मयादिबोधक शब्द, निपात, विशिष्ट पद/पदावलीका साथै निश्चयार्थक, प्रश्नार्थक, आज्ञार्थक र इच्चार्थक भावका वाक्यहरूको प्रयोग भएको छ । यसैले मातृत्व कथामा निश्चित परिस्थितिका कारण मनमा उत्पन्न भावअनुसार भाषिक संरचनाको प्रयोग भएको छ र त्यसले मनलाई पनि प्रभावित बनाएको छ भन्ने निष्कर्ष प्राप्त भएको छ ।

## सन्दर्भ सामग्रीसूची


श्रेष्ठ, भागीरथी (२०६५), मातृत्व, *नेपाली कथा भाग ३,* (ऋषिराज बराल र अरू, सम्पा.), साझा प्रकाशन ।

Bloomfield, L. (1993). *Language*. Holt Rinehrt and Winston .

Crystal, D. (2003). *A dictionary of linguistics and phonetics*. Blackwell Publishing Ltd.

Chomsky, N. (1982). *Some concept and consequences of the theory of government and binding*. The MIT Press.

Nordquist, R. (2019). *Psycholinguistics definition and examples*. Thought Co. Archived from the original on 2019-11-04.

Piaget J. (1964). Cognitive development in children: Piaget development and learning. *Journal of Research in Science Teaching, 2*, 176-186. doi:10.1002/tea.3660020306.

Pike, K. L. (1967). *Language in relation to a unified theory to the structure of human behavior*. (2nd ed.).The Hague : Mouton.

Sperber, D. & Deirdre, W. (1986)). *Relavance: Communication and cognition*. Harvard University Press.

**Ethical approval for the research:** Not applicable

**Consent for publication**: Not applicable

**Conflict of interest:** The author does not have any conflict of interest with any institutions concerning this research

**Ethical conduct of research:** This paper is written ethically

**Authors Bio-notes**

Prem Prasad Chaulagain is an associate professor of Nepali. He has got PhD degree in Nepali literature. He is currently working at Trichandra Multiple Campus, Tribhuvan University. He has published dozens of articles on Nepali literature.